# पनौती नगरपालिका कार्यालय

## Panauti Municipality Office

पनौती, काभ्रे (Panauti, Kavre)

मिति :- २०७२/०६/१२

प. सं. :- २०७२/७३

च. नं. :-

**एमविवीएस कार्यक्रमको छात्रवृत्तिको लागि निवेदन दिने सम्बन्धी पनौती नगरपालिका कार्यालयको**

**अत्यन्त जरूरी सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०७२।०६।१२)**

पनौती नगरपालिका र काठमाण्डौं विश्वविद्यालयबीच भएको सम्झौताका आधारमा गत विगत बर्षहरूदेखि प्राप्त हुँदै आएको एमविवीएस कार्यक्रमको १ (एक) कोटा छात्रवृत्तिमा यस बर्ष नगरपालिकाको सिफारिश प्राप्त गरी अध्ययन गर्न इच्छुक निम्न योग्यता पुगेका एवं तोकिएको शर्तबन्देज निशर्त पालना गर्न मञ्जुर छात्रछात्राहरूलाई यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ७ दिनभित्र पनौती नगरपालिका कार्यालयमा आईपुग्ने गरी गोप्य निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । म्याद नाघी आएको एवं उल्लेखित योग्यता तथा शर्त बन्देज पुरा नभएको निवेदन उपर कुनै कार्यबाही हुनेछैन ।

**योग्यता तथा शर्त वन्देजहरू :**

१. कम्तिमा ५ बर्षदेखि पनौती नगरपालिका क्षेत्रभित्र स्थायी बसोबास गरेको नेपाली नागरिक ।

२. आइएस्सी वा +2 विज्ञान उर्त्तीण गरेको ।

३. काठमाण्डौं विश्वविद्यालयबाट एमबीबीएस कार्यक्रम अध्ययनका लागि लिईएको KUMET (प्रवेश परीक्षा) उर्त्तीण गरेको ।

४. मूल्यांङ्कन गर्दा एस.एल.सी., आइएस्सी वा + 2 विज्ञान, एमबीबीएसको प्रवेश परीक्षा, आर्थिक अवस्था, स्थानीय, पनौती नगरस्थित सामुदायिक मा.वि. बाट एस.एल.सी. उर्त्तीण र पनौती नगरस्थित सामुदायिक उच्च मा.वि.बाट दश जोड दुई उतिर्ण गरेकोलाई आधार मानी अंक विभाजन गरीने र सोही बमोजिम प्राप्त अंकलाई मुल्याङ्कन गरी सबैभन्दा वढि अंक प्राप्त गर्नेलाई छात्रवृत्तिका लागि सिफारिस गरिनेछ । उल्लेखित विषयसंग स्पष्ट हुने विवरण खुल्ने कागजात पेश गुर्नपर्नेछ ।

५. निवेदकले निवेदन साथ हालसालै खिचेको PP Size को फोटो, नगरवासी/स्थानीय खुल्ने सिफारिशपत्र, KUMET परीक्षा उर्त्तीण गरेको प्रमाणसहित उक्त परीक्षामा प्राप्त गरेको प्रतिशत खुल्ने कागजात, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी लगायत सम्पत्ति र आयश्रोत खुल्ने कागजात पेश गर्नुपर्नेछ ।

६. आर्थिक अवस्था तथा सम्पत्ति विवरण पेश गर्दा मुलुकको कुनै पनि भागमा रहेको प्रचलित कानून बमोजिम हक लाग्ने आफ्नो चल अचल सम्पत्ति लगायत आम्दानीका श्रोतहरू स्पष्ट खुलाउनुपर्नेछ र निवेदकले खुलाएको विवरणको आधारमा मूल्याङ्कन गरिनेछ ।

७. आयश्रोत एवं आफ्नो सम्पत्ति विवरण लुकाई भुट्टा विवरण पेश गर्ने निवेदकको विरुद्धमा परेको निवेदन प्रमाणित भएमा त्यस्तो निवेदकको छनौट सिफारिश स्वतः रद्द हुनेछ ।

८. छात्रवृत्ति छनौट सिफारिश उपर चित्त नबुझ्ने सम्बन्धित उम्मेदवारले सिधै नगरपालिका कार्यालयमा किटानी ब्यहोरा सहितको निवेदन दिन सक्नेछन् । तर यस्तो निवेदन छनौट सिफारिश भएको १५ दिन पश्चात नगरपालिका लिन वाध्य हुनेछैन ।

९. छनौट सिफारिश भैसकेको उम्मेदवारले पेश गरेको विवरण प्राप्त हुन आएको निवेदनका आधारमा छानविन गर्दा झुट्टा ठहरिइ सिफारिश रद्द हुन पुगेमा बाँकी रहेका उम्मेदवारहरूको पुनः मूल्याङ्कन गरिनेछ ।

१०. प्राप्त हुन आउने निवेदन उपर आवश्यक छानविन गरी वढिमा १५ दिनभित्र नगरपालिकाले सिफारिशको अन्तिम टुंगो लगाउनेछ ।

११. छात्रवृत्ति पाउन सफल उम्मेदवारले काठमाण्डौं विश्वविद्यालय स्कूल अफ मेडिकल साईन्सेस समेतको परामर्शका आधारमा पनौती नगरपालिका क्षेत्रभित्रको शिक्षा तथा स्वास्थ्यमा उल्लेखनीय सहयोग पुन्याउन नगरपालिकाको शैक्षिक विकास कोषमा रू. ५ लाख योगदान स्वरूप नगदै जम्मा गर्नुपर्ने सो रकम बार्षिक रू. १ लाखका दरले जम्मा गर्नुपर्ने तर अति विपन्न भएका कारण निर्धारित रकम बुझाउन सम्बन्धित उम्मेदवार सक्षम नभएमा आर्थिक अवस्था विश्लेषण गरी तोकिएको रकममा पुनरावलोकन गर्न सकिनेछ ।

१२. छात्रवृत्ति प्राप्त गर्न सफल उम्मेदवारले तोकिएको ढाँचामा कवुलियत गर्नुपर्नेछ ।

१३. सिफारिश सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार पनौती नगरपालिकामा सुरक्षित रहनेछ ।

१४. मूल्याङ्कनको प्रमुख आधार अचल संपत्तिलाई मानिनेछ र यसका लागि सम्बन्धित निकायबाट जारि भएको मुल्याङ्कन खुल्ने कागजात पेश गर्नुपर्नेछ र सो समेत नभएकोमा स्वः घोषित मूल्याङ्कनलाई आधार मानिनेछ ।

नोट : क) स्थानीय भन्नाले पनौती नगरपालिकाको वडा नं. १ मा स्थायी वसोवास गर्नेलाई बुझाउनेछ ।

ख) मूल्याङ्कनको जम्मा अंक ५० हुनेछ ।

ग) आयश्रोत भन्नाले पेशा ब्यवसायबाट हुने वार्षिक आयलाई बुझाउनेछ ।

पनौती नगरपालिका कार्यालय

☏ 011–440138, 011–440136 Fax No. : 011–440137
Website:WWW.panautimun.gov.np
e-mail : panautinp@ntc.net.np

☏ 011–440138,  011–440136  Fax No. : 011–440137
Website:WWW.panautimun.gov.np
e-mail : panautinp@ntc.net.np